| 1. | Car Driver Public | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrical Appliances Maintenance Labour | 1 | 0 | | 1500 | ५२,७८५ | | | | | | | |
| 3. | Public Building | 1 | 0 | | 1400 | ४९,२६६ | | | | | | | |

५. कम्पनी: COMPANY FOR LUXURY PAPER BAGS ONE PERSON COMPANY शहर: Saudi Arabia,Dammam
पूर्व स्वीकृत मिति: २०२३/०१/२२ चलानी नं.: ६०१९५३८१ L.T. No.: 279932 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 14 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: EASTERN COAST POLYSTYRENE शहर: Saudi Arabia,NA
पूर्व स्वीकृत मिति: २०७९/०९/२५ चलानी नं.: ६०१९४७२६ L.T. No.: 279227 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी: ABDUL MOHSEN MOHAMMED AL GHANIM SONS.CO. FOR READY MIX CONCRETE. शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०२२/१२/३० चलानी नं.: ६०१९४९१४ L.T. No.: 278662 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 7 | 0 | | 1000 | ३५,१८० | | | | | | | |

८. कम्पनी: RELAY COMPANY FOR HIRE शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७९/०७/२५ चलानी नं.: ६०१९१०५२ L.T. No.: 275522 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६२,४९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

९. कम्पनी: SULAIHEM SAID AL-HAJRI TRANSPORTATION co. शहर: Saudi Arabia,DAMMAM
पूर्व स्वीकृत मिति: २०७९/०८/०६ चलानी नं.: ६०१९१६६७ L.T. No.: 276260 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ६२,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१०. कम्पनी: Najea Al Jabri Transport Corporation शहर: Saudi Arabia,DAMMAM
पूर्व स्वीकृत मिति: २०२२/१२/३० चलानी नं.: ६०१९४९१६ L.T. No.: 278663 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | trailer truck driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ६२,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

११. कम्पनी: TAJ AL JAZEERA CONTRACTING CO शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७९/०५/१६ चलानी नं.: ६०१८६७०२ L.T. No.: 270962 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ६०,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१२. कम्पनी: AHMED SALEH AL GHAMIDI AND SONS CO शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०२२/०६/१० चलानी नं.: ६०१९६५०९ L.T. No.: 264686 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १० गते (22 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कस्मस नेपाल ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत नं: ७३३/०६४/०६५
लाजिम्पाट, गरिमा विकास बैंकको पछाडी, काठमाडौं, फोन नं: ०१-४४४५७९३/४४४५७९४

मध्यान्ह
www.madhyanhadaily.com
३ फागुन २०७९, बुधबार
15 February 2023, Wednesday

## सम्पादकीय

# सुधार्नैपर्ने सार्वजनिक यातायात

यातायात मजदुरहरूको आन्दोलनका कारण मंगलबार राजधानी उपत्यकाको सार्वजनिक आवागमन प्रभावित बन्न पुग्यो । १० बुँदे माग राखेर शुरू भएको आन्दोलन दबाउने प्रयत्न भएको भन्दै यातायात मजदुरहरूले मंगलबार सार्वजनिक यातायात ठप्प पारेका थिए । सार्वजनिक यातायात नचलेकाले सर्वसाधरणले दिउँसोसम्मै यातायात सेवा पाउन सकेनन् । निजी सवारी नहुने कयौंले हिंडेरै यात्रा गरे भने कतिपयले अन्य विकल्प रोज्नुपरेको थियो । वैकल्पिक सेवाका रूपमा स्थापित पठाओ, इनड्राइभर, सजिलो लगायत सञ्चालन हुँदा आंशिक सेवा मिलेको थियो । तर उपप्रधानमन्त्री एवम् भौतिक पूर्वा तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले लिएको पहलकदमीपछि आन्दोलन स्थगित भएको छ । यातायात मजदुरहरू तत्काललाई पछि हटेका छन् । तर माग पूरा नभए फेरि आन्दोलनमा उत्रने चेतावनी कायमै राखेका छन् ।

सोमबार त उनीहरूको आन्दोलनले उग्र रूप लिएको थियो । राजधानीको माछापोखरीमा प्रहरीको गाडी जलाउनेदेखि बसपार्क व्यवस्थापनको जिम्मा लिएको लोत्से मल तोडफोड गर्न समेत पुगेका थिए । उनीहरूको आरोपअनुसार, सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने भन्दा पनि ठेकेदारको पक्षमा सरकार उभिएकाले आन्दोलनलाई उग्रता दिनु परेको हो । यातायात मजदुरहरूले लोत्सेका सञ्चालकबाट आफूहरू पीडित हुनु परेको गुनासो गरेका छन् । उपप्रधानमन्त्री श्रेष्ठले लोत्सेमाथि छानबिन गर्ने प्रतिबद्धता जनाएपछि यातायात मजदुरहरू पछाडि हटेका हुन् । मन्त्री श्रेष्ठ र यातायात मजदुरबीच जुटेको सहमतिले तत्काललाई समस्या हल भएपनि दीर्घकालीन समाधानबारे ढुक्क हुने अवस्था छैन ।

किनकि लोत्से र सार्वजनिक यातायात मजदुरहरूको संघर्ष लामो समयदेखि चल्दै आएको छ । त्यही पृष्ठभूमिका कारणले यातायात मजदुरहरूको माग पूरा कार्यान्वयन हुनेमा आशंका देखिएको थियो । तर सार्वजनिक यातायात सुधारका निम्ति यो एउटा अवसर समेत हो । यातायात मजदुर र लोत्सेबीच मात्रै नभएर सार्वजनिक यातायातको समस्या अन्यत्र पनि डरलाग्दो छ । सडक दुर्घटना, मनपरी भाडा दर निर्धारण, समयमा गन्तव्यसम्म यात्रा पुग्न नसक्ने जस्ता समस्याको मुख्य कारण सार्वजनिक यातायात व्यवस्थित हुन नसक्नुको परिणाम हो । यसमा यातायात सञ्चालक, सरकार र नेपाल प्रहरीको समेत कमजोरी छ । त्यसको एकोहोरो मार भने सर्वसाधरण यात्रुले खेप्नुपरेको छ । तसर्थ लोत्से र यातायात मजदुरहरूबीचको समस्याका कारणले सार्वजनिक बहसमा आएको सार्वजनिक यातायात व्यवस्थापनमा सरकारले प्रभावकारी कदम चाल्न आवश्यक छ । त्यसैपनि सार्वजनिक यातायातको व्यवस्थापनलाई उक्त देशको गरिमा र अवस्थाका रूपमा लिने गरिन्छ ।

# बढ्दो विकृतिमा मौन सत्ता

*वैदेशिक रोजगारीमा जान मनसाय बनाएका युवाहरू राहदानी बनाउने मनस्थितिदेखि वैदेशिक रोजगारको उडानसम्मको अन्तरालमा सयौं पटक ठगिएका वा मानसिक तनावमा परेका हुन्छन् । अहिले राहदानी बनाउने युवाहरूमा 'मेरो देश, युवाहरूको लागि कर्मथलो होइन' भन्ने मनोविज्ञान बनाइरहेको छ । तर, यसलाई सरकारले बुझेर पनि फेर्ने प्रयास गरेको छैन ।*

अग्रलेख



● ख्यामनारायण मानन्धर

चुनावी एजेण्डा भनौं वा मसला तत्कालीन गृहमन्त्री रवि लामेछानेले भन्दै थिए, "वैदेशिक रोजगारीमा गएका नेपाली दाजुभाइहरु टिकट काटेर फर्किनुहोस्, तपाईहरुलाई हामी त्रिभुवन विमानस्थलमा स्वागतार्थ उपस्थित हुने छौं ।" संयोग नै थियो गृह र श्रममन्त्री दुवै एउटै एजेण्डा बोकेका पार्टीका नेताहरुले सम्हाल्दा आशाको दियो आम जनसमुदायहरुमा बलेको थियो । तर, दियोमा तेल नसकिँदै अप्रत्यासितरूपमा जनताको उत्साह र आशामा ठेस तब लाग्यो जब केही अमुक व्यक्तिहरुको उजुरीका आधारमा सर्वोच्च अदालतबाट रवि लामिछानेको नागरिकतामा कैफियत देखाइ संसद पद नै खारेजी गराए । यद्यपि बिगत वर्षौंदेखि तामेलीमा रहेका जनसरोकारका मुद्दाहरुलाई थाँती राख्दै रवि लामिछानेको मुद्दा फछ्र्यौटमा राजनैतिक हस्तछेप थियो जो घाम जस्तै छर्लङ्ग देखिन्छ । यसको अर्थ पूराना राजनैतिक दलहरुलाई नयाँ शक्ति जुनसुकै कसरमा पनि सत्तारोहणमा नआऊन् भन्ने नै हो । यहाँ प्रतिशोध र निषेधको राजनीति झाँगिदो छ । सत्ताका मतियारहरु केन्द्रमा मात्र हैन गाउँ गाउँमा यही सत्ताका आडमा विपक्षी वा फरक विचारहरुलाई निषेध र प्रतिशोधका राजनीति गर्दै छन् । यसैका कारण गाउँ-गाउँमा काम गरेर खाने नैतिक साहस हुँदा हुँदै पनि युवाहरुको वैकल्पिक रोजाइ वैदेशिक रोजगार हुन गएको अवस्था छ ।

वैदेशिक रोजगारीमा जान मनसाय बनाएका युवाहरु राहदानी बनाउने मनस्थितिदेखि वैदेशिक रोजगारको उडानसम्मको अन्तरालमा सयौं पटक ठगिएका वा मानसिक तनावमा परेका हुन्छन् । अहिले राहदानी बनाउने युवाहरुमा 'मेरो देश, युवाहरुको लागि कर्मथलो होइन' भन्ने मनोविज्ञान बनाइरहेको छ । तर, यसलाई सरकारले बुझेर पनि फेर्ने प्रयास गरेको छैन । केही अपवादका प्रमाणहरु बाहेक सरकारले बेचेको राहदानी मात्र हैन, युवाहरुको जीवन र तिनका सन्तानहरुको भविष्य पनि हो । मिति २०७९ फाल्गुन १मा प्रकाशित अनलाइन खबर समाचारको शीर्षकलाई प्रतिनिधि आधार मान्ने हो भने नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)बाट चालु आ.व.को सात महिनामा १० हजारभन्दा बढीको संख्यामा राहदानी बिक्री भएको छ । जानकारी रहोस् उक्त क्षेत्र नेपालको भित्री मधेसअन्तर्गत उत्पादनशील क्षेत्रमा पर्दछ । जहाँ यदि काम गर्ने वा गरिखाने हो भने प्रशस्त ठाउँ छ । राहदानी वैदेशिक रोजगारमात्र हैन, विकसित मुलुकहरुमा उच्च शिक्षा अध्यानका लागि पर्यटकका रूपमा घुम्न जानका लागि, व्यापार व्यवसायका लागि, कुटनैतिक नियोगमा काम गर्नका लागि वा अन्य विभिन्न प्रयोजनका लागि बनाइन्छ ।

राहदानी बनाउन अनलाइन फारम भरेर आवेदन दिन सक्ने प्रकृया हुँदाहुँदै पनि आम नागरिकहरु मध्यस्थकर्ता वा बिचौलियाहरुको साथ लिएका देखिन्छ । वैदेशिक रोजगारमा जाने युवाहरु जब राहदानी हातमा पाउँदछन् तब उनीहरुमा कुन देश जाने ? कहाँ कसरी, कसलाई सम्पर्क गर्ने ? कौतुहलता देखिन्छ । केही समय कुहिरोमा हराएको काग जस्तै देखिने अवोध युवाहरु जब कुनै अमुक एजेन्टको सम्पर्कमा पुग्दछन् अनि उनीहरुको झुठ्ठा आश्वासन वा प्रलोभनबाट दरिलो मानसिकता बनाउछन् । अब छिट्टै विदेश गएर मनग्य आम्दानी गर्ने भन्ने सोच आउँछ । वैदेशिक रोजगारीमा जाने ठोस बाटाहरु र आधारहरु छन् तर, त्यसलाई भन्दा पनि युवाहरु एजेन्टहरुको विश्वास नै सर्वोपरि ठान्दछन् ।




युवाहरुलाई गुमराहमा पार्ने एजेन्टहरुले यतिसम्म विश्वास दिलाउँछन् कि उनीहरुले मेनपावर संस्था भनेकै एजेन्टहरु हुन्, एजेन्टहरुकै मुठ्ठीमा यसरी विदेश पठाउने मेनपावर सञ्चालित छन् र टिकेका छन् । एजेन्ट भएन भने मेनपावरको हविगत शुन्य प्रायः हुन्छन् भन्ने अतिरञ्जित सन्देशहरु सिकाएका पाइन्छ । नेपाल सरकारले निषेध गरेका अवैध एजेन्टहरुको राज रवाफ अधिकांश मेनवार कम्पनीहरुमा छरपस्ट देखिन्छ । सरकारको कानून ऐनका दफा, उपदफाहरुमा मात्र सीमित देखिन्छन् । आजसम्म पनि कुनै त्यस्ता अवैध एजेन्टहरु सरकारको कठघरामा छैनन्, तिनलाई मेनपावर कम्पनी मात्र हैन राज्यबाटै संरक्षित हुन भन्ने पनि छ । वैदेशिक रोजगार ऐन तथा नियमावली २०६४का हरेक दफाहरुका छिद्रहरुमा उनीहरुको उपस्थिति छ ।

राहदानी बनाउने समयदेखि नै यदि ती युवाहरु वैदेशिक रोजगारमा जाने हुन् भने अनिवार्य राहदानी विभागले सम्बन्धित पक्षहरुको रोहबरमा वैदेशिक रोजगारसम्बन्धि ज्ञान दिनुपर्दछ । भिसा प्रक्रियामा रहेका युवाहरुलाई नेपाल सरकारले अनिवार्य रूपमा दुई दिनको वैदेशिक रोजगार अभिमुखिकरण तालिम लिनुपर्ने व्यवस्था गरेको छ । नेपालमा वैधानिकरूपमा सञ्चालित करिब ८८९ सक्रिय मेनपावर कम्पनीहरु र १३० वटा अभिमुखिकरण प्रदान गर्ने संस्थाहरु छन् । साँचो अर्थमा भन्दा केहीलाई छोडेर अधिकांशले कानूनका सच्चा पालक भएर व्यवसाय गरेका छैनन् ।

मेनपावर संस्थाहरु भन्दा अभिमुखिकरण प्रदान गर्ने संस्थाहरु युवाहरुका भरोसाको केन्द्र बन्नु पर्ने हो तर, तिनीहरुले पनि व्यवसायको मर्म विपरित स्थायित्वका लागि अस्वस्थ प्रतिस्पर्धामा बजार प्रवर्द्धन गरेका देखिन्छन् । राज्यले तोकिदिएको सात सय शुल्कमा पनि एजेन्टहरु तथा मेनपावर व्यवासायीहरुको कमिशन बार्गेनिङ्ग न्यूनदरमा अभिमुखिकरण तालिम प्रदान गर्दै आएका छन्, यसबाट उक्त तालिमको गुणस्तर र सत्यतामा प्रश्न चिन्ह अवश्य छ । अप्रत्यासित सरकारी अनुगमन पनि सौदाबाजीका जालसाझी मात्र हुन् । उपत्यकाभित्रका भन्दा प्रदेश-प्रदेशमा स्थापित अभिमुखिकरण संस्थाहरुमा गरिने प्रशिक्षण तालिम प्रमाणपत्र बेच्ने स्थान मात्र देखिन्छ । त्यस्ता संस्थाहरुबाट प्रशिक्षित कामदारहरुमा आधारभूत ज्ञानको कमी र संस्थाको व्यावसायिक धर्मभन्दा बाहिरको स्थिति छ ।

नक्कली माग पत्र बनाएर वैदेशिक रोजगारमा जान चाहने युवाहरुलाई मेडिकल गराउने, तालिमका नाममा व्यक्तिगत अभिमुखिकरण तालिम लिन लगाउने, त्यसबाट पनि कमिसन लिने, तालिम प्रदायक संस्थाहरुलाई आफ्ना प्रशिक्षार्थीहरुलाई सत्य प्रशिक्षण नगराउन अनुरोध गर्ने, यदि गराएमा अर्कै अभिमुखिकरण संस्थामा पढाउने जस्ता धम्की र जोडबल लगाउँछन् । एजेन्टहरु मात्र हैन कतिपय मेनपावर कम्पनीहरु पनि आफ्ना पहुँचमा रहेका कामदारहरु कुनै पक्षबाट पनि जानकार नहोऊन्, हरेक सूचना उनीहरुबाट टाढै रहुन्, अन्तमा 'मुर्गा' बनाएर ठूलो रकम ठगी गर्ने लोभ-लालच देखिन्छ । यस्ता जोडबलका लागि अभिमुखिकरण संस्थाहरु पनि "जसो जसो बाहुन-बाजे उसै उसै स्वाह" नतमस्तक हुन्छन् । लाग्छ "खाऊँ भने दिनभरिको शिकार नखाऊँ भने कान्छा बाउको अनुहार" । एजेन्टहरुको भाषा नबोलौं व्यवसाय चौपट, बोलौं कामदाहरुको बिल्लिवाठ एक अनौठो परिवेश देखिन्छ यो क्षेत्रमा ।

यस्तो जबरजस्त सौदाबाजीमा सरकारको निरीह उपस्थिति देखिन्छ । यदि एजेन्टहरुको भाषा नै पठाउने हो भने अभिमुखिकरण संस्थाको के औचित्य ? राज्यका संयन्त्र र कानूनको के अर्थ ? नैतिक दिवालीयपन स्थापित गरेका नियमनकारी निकायहरुको के अस्तित्व ? सत्य र यथार्थ बोल्नै नहुने हो र नियमनकारी निकायहरुको अनुपस्थितीले नै झोले संस्थाहरुको बिगबिगी छ । अभिमुखिकरण संस्थाहरुले कस्ता प्रशिक्षकहरु राखेका छन् र तिनीहरुले कस्तो प्रशिक्षण प्रदान गरेको छ र त्यसको परिणाम कस्तो आयो कुनै फेरिस्त छैन, राज्यका तालुकदार निकायहरुसँग । अस्वस्थ प्रतिपर्धालाई विस्थापन गर्नु आजको प्रमुख आवश्यकता हो । आज मुलुकमा जसले जसरी गर्दा पनि हुने अवस्था छ । सबैभन्दा विकृत अवस्था वैदेशिक रोजगार क्षेत्रमा देखिन्छ । तर, यस्तो विकृत अवस्थामा पनि सरकार भने मौनता साँधिरहेको छ ।

यी र यस्ता संगठित विकृतिहरुलाई सुक्ष्म तवरले अनुगमन नगर्ने हो भने यस्तै छाडा प्रवृत्तिलाई प्रश्रय दिदै जाने हो भने वैदेशिक रोजगारमा जाने कामदारहरुलाई अभिमुखिकरण दिने नाममा संस्थाहरुलाई दिने लाइसेन्सको औचित्य छैन ।

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

हिजो निर्मल निवासको निगाह राजेन्द्र लिङ्देनले खोसेपछि कमल थापा सुर्य चिन्हवाला गणतन्त्रवादी कमरेड हुन पुगे । अब शाह परिवार नै दुर्गा प्रसाईंले खोसेपछि लिङ्देनजी हसिया हथौडावाला गणतन्त्रवादी कमरेड हुने होला ! छनक त त्यस्तै छ । गज्जबकै देश हो यो- दुर्दशा र तमासाको कहिल्यै कमी नहुने ।



- मुमाराम खनाल

'राजा' खासमा मेरा हुन् भन्ने मुद्दामा राजेन्द्र लिङ्देन, दुर्गा प्रसाईं र रवीन्द्र मिश्रको बिचमा मल्ल युद्ध हुने लक्षण देखियो । अझै कांग्रेसका राजावादी, एमालेका राजावादी र अन्य फुटकर राजावादीहरूको दाबी त बाँकी नै छ ।



- जेपी गुप्ता

कमल थापा, राजेन्द्र लिङ्देन, रवीन्द्र मिश्रहरूको अभियान उपर पानी खन्याउदै 'नयाँ शाही घोडा'को सवार कस्दैछन् ज्ञानेन्द्र ! क-कस्को निधारमा टाँस्सिइने हो यो कृतघ्नताको टिको ? बरू चितवनको आसन्न उपनिर्वाचन तिर लागे वेश हुने ।



- मनोज ज्ञवाली

अर्थतन्त्र अलि अप्ठ्यारो स्थितिमा भए पनि सुधारोन्मुख छ र पक्कै सुध्रिन्छ । चक्र चलिरहन्छ तर, यसको आधारमा जुन सामाजिक बिचलन गराउने कोशिस हुँदैछ र कुनै संयन्त्रले यस्तो सामाजिक, पेशागत अनि राजनीतिक द्वेष फैलाउने कामलाई नियमनसँगै नियन्त्रण गर्न नससकिरहेको अवस्था चिन्ताजनक छ ।




- सदिक्षा कार्की

उचित मूल्य नपाएर झापाका कुखुरा व्यवसायी सडकमा छन्, तर उद्योग वाणिज्य महासंघ, विराटनगरमा भने आइएलओदेखि ब्रिटिश काउन्सीलसम्मका डोनरहरू व्यवसायीको क्षमता अभिवृद्धि गर्ने भनेर तारे होटलमा लाइन लागेर बसेका छन् । पैसा पचाउने यस्ता डलरे र महासंघलाई सडकमा ल्याउनु पर्छ ।

# जनताका मुद्दा र राजनीतिक परिवर्तन

विचार



● भैरव रिसाल

*मुलुकमा प्रजातन्त्र आए पनि जनतामा त्यसको अनुभूति हुन सकेन । जनता र नेताबीचको खाडल बढ्दै गयो । चुनाव लड्ने नेताहरूमा पनि प्रजातन्त्रप्रति विश्वास घट्दै जान थाल्यो । यसले गर्दा नेपालको राजनीति एकपछि अर्को विकृत हुँदै जान थाल्यो । अहिले त धेरैजसो नेताहरू नै राजनीतिबाट त्रसित बन्न थालेका छन् ।*

नेपाली राजनीतिले थुप्रै उतारचढाव पार गर्दै आएको छ । विभिन्न कालखण्डमा ठूला परिवर्तनहरू पनि भए तर, त्यसको उद्देश्यअनुसार परिणाम भने आउन सकेन । राजनीति सुकिलो हुनुपर्नेमा फोहरी बन्यो । नेताहरू निर्लोभी हुनुपर्नेमा लोभी भए । लोभी पनि औंधी लोभी । नेता राजनीतिक कार्यकर्ता र जनताका लागि हुनुपर्नेमा आफू र आफन्तका लागि सीमित भए । यसले गर्दा नेताबाट जनताको विश्वास हराउँदै गयो । राजनीति नदीको पानीजस्तै सलल्ल बग्नुपर्नेमा जम्दै गयो । जमेको पानी फोहर बन्यो । सलल्ल बगेको राजनीति चोखो हुन्थ्यो । चिसो कुरा चिसो नै हुन्छ । सक्कली भनेको सक्कली नै हो । यसमा केही जोडिरहनु पर्दैन । नक्कलीलाई जति सिङ्गारे पनि कहिल्यै सक्कली हुँदैन । यो ध्रुवसत्य हो । आज नेपालको राजनीति यस्तै अवस्थाबाट गुज्रँदै आएको छ ।

जनयुद्ध सुरु हुने ताका आम सर्वसाधारण, धेरै नेपालीलाई थाहा भइसकेको थियो कि राजा वा राजसंस्था चाहे त्यो संवैधानिक होस् वा प्रत्यक्ष होस्, त्यसको आवश्यकता वा औचित्य छैन भन्ने भइसकेको थियो । तत्कालीन राजा प्रत्यक्ष शासन गर्ने दाउमा थिए । जबकी राजाको प्रत्यक्ष शासनको युग समाप्त भइसकेको थियो । त्यतिबेला नै मानिस बाँधिएर बस्न चाहेका थिएनन् । जुन २० औं शताब्दीको सन्देश थियो ।

स्वतन्त्रताको स्वादिलो हावा नेपालमा वि.सं. १९८७ देखि लाग्न थालिसकेको थियो । नेपालमा खड्गमान बस्न्यातजस्ता केही युवकले उतिबेला नै राणा शासन उखेलेर राजाको शासन ल्याउन चाहेका थिए तर, परिस्थिति परिपक्व हुन बाँकी नै थियो । राणाहरूको पारिवारिक एकतन्त्रीय शासनले युवा विद्रोहीलाई गिरफ्तार गरी निर्मम सजाय दिनेबाहेक राणाहरूले अन्य विकल्प देखेनन् । त्यो आन्दोलन दमन गरियो । परन्तु चेतनाको टुसो नेपाल पसिसकेको थियो । पछि त्यो टुसो मोरङमा टुसायो । कृष्णप्रसाद कोइराला पूर्वी नेपालको दुम्जामा जन्मिएका रहेछन् ।

भारतमा पनि इस्ट इन्डिया कम्पनी सरकारले व्यापार गर्दा गर्दै अङ्ग्रेजलाई हटाई भारतीयहरूद्वारा सरकार सञ्चालन गर्ने चेतना आएछ । भारतीयहरूद्वारा नै शासन गर्ने मनसायले अखिल भारतीय राष्ट्रिय कांग्रेस गठन गरियो । यता राणाहरूको नीति पैसा मस्त कमाउन दिने र सरकारी ठेक्का दिने थियो । काम सकिएपछि यसका कमजोरी पत्ता लगाई जरिवाना गर्ने नीति थियो । सर्वस्वहरण गर्ने उनीहरूको नीति थियो । जसले कमाएको छ सबै सर्वस्व हुन्थ्यो । त्यो सम्पत्ति श्री ३ महाराजको हुने गर्थ्यो । राणा शासनको यस्तो चङ्गुलमा कृष्णप्रसाद कोइराला पनि परेछन् । उनले भन्सार अड्डाको ठेक्का लिएछन् । पछि त्यसैका आधारमा उनको सर्वस्वहरण भयो ।

उनले शिक्षाको महत्व राम्ररी बुझेका थिए । विराटनगरमा विद्यालय खालेर आफ्ना छोराहरू मातृका र विश्वेश्वर (वीपी) लगायतलाई पढ्न लगाएका थिए । कृष्णप्रसादको सर्वस्व भएपछि नेपाल बस्न नसकी भारतमा प्रवासी बन्न पुगे । आफ्ना छोराछोरीलाई उतै पढ्ने व्यवस्था मिलाए । त्यसैबेला भारतमा स्वतन्त्रता आन्दोलन चर्किएको थियो । मातृका, विश्वेश्वर पनि भारतीय स्वतन्त्रता आन्दोलनमा भाग लिन पुगे । आन्दोलनमा उनीहरू पक्राउ परे । मनमोहन अधिकारी पनि भारतीय स्वतन्त्रता सङ्ग्राममा संलग्न भए । वीपीलगायत केही व्यक्तिलाई अड्डासार गरी काठमाडौं ल्याई थुनियो । यो घटनाले पहाडमा प्रजातन्त्रको चेतना ल्यायो । यसै क्रममा कृष्णप्रसाद थुनामा परे, त्यहीं उनको मृत्यु भयो । छोराहरूले उनको काजकिरिया पनि गर्न पाएनन् । यसैबेला पुष्पलालले अन्तर्राष्ट्रिय कम्युनिष्ट पार्टीको घोषणापत्र नेपालीमा अनुवाद गरी छपाए । यसले नेपालमा ठूलो प्रभाव पार्‍यो र नेपाल कम्युनिष्ट पार्टीको जन्म भयो । राणा विरोधी आन्दोलन बिस्तारै बढ्न थालेको थियो । सशस्त्र क्रान्ति हुने नै भयो । राजा त्रिभुवन माइला नाति ज्ञानेन्द्रलाई राजगद्दी छाडी दिल्ली गए । उनी दिल्लीमा नेहरुको घरमा बसे । भारत सरकारले भेट्न अनुमति दिएका व्यक्तिले मात्रै राजासँग भेट्न पाउँथे । राजा त्रिभुवन एक किसिमले नजरबन्दमा थिए ।

यता नेपालमा नेपाली कांग्रेसको नेतृत्वमा सशस्त्र आन्दोलन भयो । थीरबम मल्ल शहीद बने । आन्दोलन केही समय शिथिल बन्नपुग्यो । पछि फेरि हतियार ल्याएर आन्दोलनलाई सशक्त पारियो । मोहन शम्शेरले ज्ञानेन्द्रको नाममा टकमरी (नाममा पैसा छाप्ने) गराएका थिए । पछि त्यो हट्यो । त्रिभुवन नेपाल आउने भएपछि मोहन शम्शेरले ठूलै रकम त्रिभुवनलाई दिएका थिए भनिन्छ । राणा शासन र प्रजातन्त्र मिलाउने काममा विजय शम्शेरले ठूलो भूमिका खेलेका थिए ।

प्रजातन्त्र आएपछि नेपाली जनताले आफ्ना प्रतिनिधिले छानेको विधायिका सभाका सदस्यले संविधान बनाउँछन् भनिएको थियो तर, त्यसमा राजा इमानदार रहेनछन् । राजाले चुनाव गराउन खोजेनन् । प्रधानमन्त्री टंकप्रसाद आचार्यमार्फत छिट्टै विधानसभा वा संसद्को चुनाव हुन्छ भन्न लगाए । राजाले २०१५ फागुन १ गते चुनाव हुने घोषणा गरे तर, केको चुनाव हुने भन्ने प्रष्ट भनेका थिएनन् । भित्रभित्रै राजाले बेलायतका संविधानविद् सर आइभर जेनिङलाई संविधान लेख्न लगाई फागुन १ गते नै संविधानको घोषणा गरे ।

एकैचोटी २०१५ फागुन ७ गतेदेखि संसद्को चुनाव सुरु भयो । मतदान विभिन्न चरणमा भयो । त्यतिबेला कांग्रेसको प्रभाव भएकाले जनताले पनि कांग्रेसलाई नै भोट दिए । झण्डै दुई तिहाइ सिट जितिन्छ भन्ने स्वयम् वीपीलाई पनि विश्वास थिएन भने राजालाई कुनै पार्टीले बहुमत ल्याउँछ भन्ने लागेको थिएन । राजाका नजिककाहरूले कसैले पनि बहुमत ल्याउन सक्दैन भनेर विश्वास दिलाएका थिए । वीपीले पनि कांग्रेसको खास शक्ति कति हो भनी अनुमान गर्न सकेका थिएनन् ।

मुलुकमा प्रजातन्त्र आए पनि जनतामा त्यसको अनुभूति हुन सकेन । जनता र नेताबीचको खाडल बढ्दै गयो । चुनाव लड्ने नेताहरूमा पनि प्रजातन्त्रप्रति विश्वास घट्दै जान थाल्यो । यसले गर्दा नेपालको राजनीति एकपछि अर्को विकृत हुँदै जान थाल्यो । अहिले त धेरैजसो नेताहरू नै राजनीतिबाट त्रसित बन्न थालेका छन् । अहिले पार्टी नेतालाई हेर्ने भयो वा नेताले पार्टीलाई आफ्नो अनुकूल बनाउन थाले । सत्तामा जोसुकै होस् उनीहरूका लागि राजनीति तातो पिँडालुजस्तो भएको छ । न खाउँ भने भोक लागेको छ, खाउँ भने तातो पिँडालुले पोल्छ ।

राजनीतिमा इमानदार भएन भने त्यसको प्रतिफल विकृत आउँछ । यसैगरी राजनीति विकृत बन्दै जाने हो भने देशै बिग्रने सम्भावना छ । अहिले राजनीतिक मैदानमा मुख्यगरी प्रचण्ड, केपी ओली र देउवा मुख्य खेलाडी छन् । अझै मौका छ, यी तीन नेताले बुद्धि पुर्‍याई राजनीतिलाई सही दिशामा डोहोर्‍याउन सक्नुपर्छ । अरु पार्टीलाई जनताले पत्याएका छैनन् । देश सप्रेमा वा बिग्रेमा यसको दायित्व नेपाली जनतामा होइन, यिनै नेताहरूमा जान्छ । नेपाली जनता धेरै ज्ञानी र धैर्यशील छन् ।

## तपाईको राशिफल

मेष : राजनैतिक कार्य सफल हुनेछ । तर, बाहिरी सहयोगमा कमी रहन्छ ।

वृष : लामो यात्रा हुने योग छ । शत्रु सक्रिय रहनेछन् ।

मिथुन : जनसम्पर्कमा वृद्धि हुनेछ । सबै कार्यमा धैर्य राख्नुपर्छ ।

कर्कट : नाता-गोताको सहयोग प्राप्त हुनेछ । लापरवाही गर्नु हुँदैन ।

सिंह : सम्मानमा वृद्धि तथा मांगलिक कार्य हुन सक्छ ।

कन्या : स्वास्थ्य लाभ तथा पराक्रममा वृद्धिको योग छ ।

तुला : समय अलि विपरीत छ । कुनै पनि कार्यमा हतार गर्नु हुँदैन ।

वृश्चिक : पराक्रममा वृद्धिको योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ ।

धनु : आनन्दित रहने योग छ । आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ ।

मकर : दैनिक आम्दानी राम्रो रहनेछ । स्वास्थ्यमाथि ध्यान दिनुहोला ।

कुम्भ : बाहिरी सम्बन्ध राम्रो रहन्छ । तर, सामान चोरिने योग छ ।

मीन : साथीभाईबीच सुमधुर सम्बन्ध बनिरहनेछ । सम्मानमा वृद्धि हुनेछ ।



आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)
इन्टरनेशनल एस्ट्रोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

# कतारमा मनाइयो प्रथम शहीद क्या. लखन थापा मगर स्मृति दिवस



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २ फागुन

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, नेपाल आदिवासी जनजाति महासंघ र नेपाल मगर संघ शाखा कतारको संयुक्त आयोजनामा १४६औं प्रथम शहीद क्या. लखन थापा मगर स्मृति दिवस मनाइएको छ । एनआरएनए एनसीसी कतारका अध्यक्ष मुक्तदा मुसलमानको सभापतित्व तथा नेपाली राजदूतावास दोहा कतारका प्रथम सचिव भुवन भट्टको प्रमुख आतिथ्यतामा थापा मगरलगायत अन्य ज्ञातअज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै स्मृति दिवस मनाइएको हो ।

कार्यक्रममा मगर संघका अध्यक्ष विवेक पुलामी मगरले शहीद लखनका बारेमा ऐतिहासिक जानकारी गराएका थिए । उनले वि.सं. १९३३ फागुन २ गते निरंकुश राणा शासन अर्थात् जंगबहादुर राणाको राज्य सत्ताविरुद्ध, जहानियाँ राणा शासनको विरुद्ध तथा नेपाली जनतार राष्ट्रको स्वतन्त्रताको लागि आवाज उठाउँदा आफ्नो प्राण आहुति दिएका थापा मगरलाई गोर्खा मन्दिर परिसरमा रुखमा झुन्ड्याएर मृत्युदण्ड दिइएको बताए ।

कार्यक्रममा एनआरएनए आईसीसीका विभिन्न तह तप्काका पदाधिकारीहरू लगायत कतारमा स्थापित विभिन्न जिल्ला, प्रदेश परिषद्, वैचारिक संगठन, महिला समाज, पत्रकारहरू, सामुदायिक संघसंस्थाहरूका अध्यक्ष तथा प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो । आफ्ना मन्तव्यका क्रममा वक्ताहरूले लखन थापालाई प्रथम शहीद घोषणा गरिए पनि सीमित समुदायले मात्र स्मृति दिवस मनाउने गरेको स्मरण गर्दै यस दिवस राष्ट्रिय दिवस हुनुपर्ने र शहीदका इतिहासका बारेमा थप खोजी हुनुपर्ने भनाइ राखेका थिए । वक्ताहरुले शहीद सीमित जात, पार्टी र समुदायको नभई सिंगो राष्ट्रको हुने बताएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि भट्टले राष्ट्रका लागि विद्रोह शुरु गरेको हुँदा थापा राष्ट्रवादी पहिला र मृत्यु पछि मात्र शहीद भएको बताए । उनले त्यो समयमा मगरले मन्दिरको निर्माण गरेर जंगबहादुरविरुद्ध त्यहींबाट विद्रोह शुरु गरेको बताए । शहीद र इतिहासका बारेमा थप खोजको आवश्यकता रहेको बताउँदै शहीद मगरप्रति उनले श्रद्धाञ्जली अर्पण गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि, विशिष्ट अतिथि लगायतले थापा मगरको स्मृतिमा दीप प्रज्वलनसहित फोटोमा खादा र पुष्प गुच्छा अर्पण गरेर सम्मान व्यक्त गरे ।

जनजाति महासंघका महासचिव धिरेन तामाङले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति मुक्तदाले पहिलो शहीददेखि आजसम्म राष्ट्रका नाममा सहादत प्राप्त गर्ने सबै शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गरे । उनले वीर शहीद बिना नेपालको परिकल्पना गर्न नसकिने बताए । शहीदहरूको बलिदानले नेपाल बनेका कारण आज हामी स्वतन्त्र नेपाली नागरिक भएर बाच्न पाइएको उनको भनाइ थियो ।

# सुत्केरी महिलालाई लक्षित गरी एम्बुलेन्स सेवा




**झापा/मस–** झापाको कमल गाउँपालिकामा सुत्केरी महिलालाई लक्षित गरी सञ्चालन गरिएको एम्बुलेन्स सेवा कार्यक्रम प्रभावकारी बन्दै गएको छ । नेपाल रेडक्रस सोसाइटी कमल उपशाखाको समन्वयमा पालिकाले सञ्चालन गरेको महिलाका लागि सुत्केरी एम्बुलेन्स कार्यक्रम प्रभावकारी बन्दै गएको हो ।

रेडक्रसले मानवीय सेवासँगै यो कार्यक्रम सञ्चालन गरेपछि विपन्नका लागि सुत्केरी एम्बुलेन्स कार्यक्रम बरदानझैं बन्न पुगेको रेडक्रस उपशाखा सभापति चन्द्र साहले बताए । साहका अनुसार पालिकाभित्र स्थायी बसोबाससँगै स्वास्थ्य जाँच नियमित गर्ने महिलालाई सुत्केरी हुने क्रममा निःशुल्क एम्बुलेन्सको व्यवस्था गर्न थालिएको छ ।

चालु वर्षबाट शुरु भएको यस कार्यक्रममा रेडक्रसले आफ्ना दुई वटा एम्बुलेन्स परिचालन गरेको छ । रेडक्रसलाई दातामार्फत पाँच वर्षअघि एउटा एम्बुलेन्स प्राप्त भएको छ । एउटा भने वर्षदिन अघि मात्र पालिकामार्फत उपलव्ध भएको एम्बुलेन्सले सेवा पुऱ्याउँदै आएको छ । सेवा लिन बसोबास खुलेको कागजात, नियमित स्वास्थ्य जाँचजस्ता निश्चित सर्त पूरा गरेको हुनुपर्ने उपशाखा सचिव पारषमणि राई बताउँछन् । यस कार्यक्रमबाट ग्रामीण क्षेत्रका सुत्केरी महिला लाभान्वित भएको उनको भनाइ छ ।

चालु आर्थिक वर्ष २०७९/०८० बाट शुरु भएको यस कार्यक्रमबाट हालसम्म एक सय ३४ जनाले सेवा लिएका छन् । सेवा लिने अधिकांश विपन्न समुदाय रहेको तथ्यांकमा उल्लेख छ । सुत्केरी महिलालाई अस्पतालसम्म पुऱ्याएबापत पालिकाले इन्धन र न्यून सेवा शुल्क उपलव्ध गराउँदै आएको सचिव राईले बताए ।

प्रसूति गराउन घरदेखि अस्पतालसम्म लैजान र प्रसूतिपछि घर फर्किनका लागि एम्बुलेन्स प्रयोग गरिन्छ । घरदेखि अस्पताल र पुनः अस्पतालदेखि घरसम्म जान एम्बुलेन्स निःशुल्क पाएपछि अधिकांस सेवाग्रहीले राहतको महसुस गरेको कमल १ की सुत्केरी झलिमाया सन्थालले बताइन् । उनले भनिन्, ' कमजोर मात्र होइन,स्वास्थ्य संस्थामा प्रसूति गराउनुपर्छ भन्ने हेक्का नभएका लक्षित वर्गलाई सरकारले उपलव्ध गराउँदै आएको स्वास्थ्य सुविधाको पहुँच पुऱ्याउन अझै खाँचो छ ।'

पालिकाले महिलाको स्वास्थ्य सुरक्षामा सघाउ पुऱ्याउन यस कार्यक्रमलाई समावेश गरी नयाँ कार्यक्रमको शुरुवात गरिएको अध्यक्ष हुकुमसिंह राई बताउँछन् । यस कार्यक्रमले महिलाको स्वास्थ्य सुरक्षामा टेवा पुगेको उनको बुझाई छ । कार्यक्रमका लागि पालिकाले तीन लाखको बजेट व्यवस्था गरेको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/११/०३**

**नेशनल इन्स्टिच्युट अफ म्यानेजमेन्ट एक्सेलेन्स प्रा.लि.** को मिति २०७९/०९/१४ गतेमा सम्पन्न बार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेशनल इन्स्टिच्युट अफ म्यानेजमेन्ट प्रा.लि. (प्रा.लि. नं.: ८००६५)** कायम गर्ने गरी मिति २०७९/०९/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेशियामा शुन्य लागतको रोजगार !!

LUMILEDS

Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौंट पस्चात)

(Company Name): LUMILEDS MALAYSIA SDN BHD — MALAYSIA, PULAU PINANG
रोजगारदाता कम्पनी: लुमिलेड्स मलेसिया एसडिएन. बिएचडी. — मलेशिया, पुलाउ पिनाङ

| Pre Approval Date: 2023/02/14 | Consignment No.: 60196518 | L.T. No.: 281013 |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/११/०२ | चलानी नं.: ६०१९६५१८ | एल टी नं.: २८१०१३ |

| S.N. सि.नं | Post of Foreign Migrating Worker's कामदारको पद | Total Require Nos. माग संख्या Male पुरुष | Female महिला | Minimum Qualification न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time Facility ओभरटाइम सुविधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accomodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers औद्योगिक कामदार | 30 / ३० | 0 / 0 | Proficient in reading, writing and speaking English दक्ष अंग्रेजी पढ्न, लेख्न र बोल्न सक्ने | 1500 / १५०० | 45,405 / ४५,४०५ | As per the company rules कम्पनीको नियम अनुसार | 7.5 Hours ७.५ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले व्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले व्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले व्यहोर्ने | By the Employer रोजगारदाताले व्यहोर्ने |

Lumileds Malaysia Sdn Bhd doesn't impose any Recruitment/Placement Fee for this employment.
लुमिलेड्स मलेसिया एसडिएन. बिएचडी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

Note (नोट):
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment. आवेदकलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview. प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदकहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।

Interview will be conducted on 22nd **February 2023 inside office premises.**
अन्तर्वार्ता मिति २०७९ फागुण १० गते कार्यालय परिसरमा हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

*Aakarshan International Pvt.Ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
आकर्षण ईन्टरनेशनल प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।

बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुति गर्नु भएमा हामीलाई ईमेल grievancereporting@aakarshannepal.org, वा मोबाइल नं. +९७७ ९८४७७५७०८९ मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासोहरुलाई सम्बोधन गर्नेछौं ।

Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at grievancereporting@aakrashannepal.org, or directly calling us at to +977 9847757089, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

AAKARSHAN INTERNATIONAL PVT. LTD.
Govt. Lic. No.: 609/062/063
Address: Aakarshan Building, Shambhu Marga (Near Airport), Kathmandu, Nepal
Email: contacts@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 9801122306



## साउदीमा रोजगारको अवसर
कम्पनी: SAUDI MANPOWER SOLUTION COMPANY
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०१/१९ चलानी नं.: ६०१७८८०१ L.T. No.: 262594 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १० गते (22 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com



## कतारमा रोजगार
१. कम्पनी: CHAI JMRI
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/११/०२ चलानी नं.: ६०१९६५५० LT. No.: 281091

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,८२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cleaner | 2 | 0 | | 1000 | ३६,०२० | | | | | | | |
| 3. | Labour | 1 | 0 | | 1000 | ३६,०२० | | | | | | | |
| 4. | Waiter | 1 | 0 | | 1400 | ५०,४२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १० गते (20 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं
प्रधान कार्यालय फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: -info@ayushintl.com
शाखा कार्यालय श्रृजनाचोक -०८ कास्की पोखरा फोनः- ०६१५८३०९२ / ९८०१२८०८२२
मोबाईल नं.:-९८०१२८०८०१ / ९८०१२८०८०२ / ९८०१२८०८०४ / ९८०१२८०८१५ / ९८०१२८०८२३ / ९८०१२८०८२५



## कतारमा रोजगार
कम्पनी: AL QASWA TRANSPORTS & TRADING CO.
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/१७ चलानी नं.: ६०१८५८२५ LT. No.: 271124 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy vehicle Driver(Male) | 1 | 0 | स. काममा दक्ष | 2000 | ७२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: RUMAILLAH GROUP WLL — शहर: Qatar, DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/१३ चलानी नं.: ६०१७९९११ LT. No.: 263781 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: RUMAILLAH GROUP WLL — शहर: Qatar, DOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/१६ चलानी नं.: ६०१७१६२७ LT. No.: 255097 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 2 | 0 | स. काममा दक्ष | 2200 | ७९,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपा वर कार्यालय काठमाडौंमा २०७९ फागुण १० गते (22 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No. 1244/074/075
URS is a member of registrar of standards (holdings) Ltd.
ISO 9001:2015 Certified
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01- 4961807, 4962925 9802067941, 9801081902



## साउदीमा रोजगार
कम्पनी: IDEAL SOURCES CONTRACTING EST.
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७९/११/०२ चलानी नं.: ६०१९६४५८ L.T. No.:280911

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १० गते (22 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१–५३८२५९०



## साउदीमा रोजगार
कम्पनी : Mastering Buildings Company Cement Products
शहर: Dammam

पूर्व स्वीकृत मितिः २०७८/०८/२६ चलानी नं.: ६०१७०३०६ L.T. No.: 252694 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १० गते (22 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
